नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७३/७४-९१
चलानी नं. : १२४

CDS and Clearing Ltd.

मिति : २०७३/०६/०६

**विषय : आवश्यक जानकारी गराएको बारे परिपत्र ।**

(परिपत्र नं.:०५/आ.व.२०७३/७४)

एक हितग्राही खाताबाट अर्को हितग्राही खातामा धितोपत्र हस्तान्तरण (BO to BO transfer) गर्नको लागि यस लि. ले तयार गरेको फारामको ढाँचामा आवश्यक विवरण भरी पेश गर्ने व्यवस्था रहेकोमा संवेदनशील परिस्थितिमा E-mail माफत् पनि सो कार्यलाई यस लि. ले मान्यता दिँदै आएकोमा सो जानकारी सम्पूर्ण सरोकारवालाहरुमा नपुगी सो व्यवस्थाबाट समस्या भोग्नुपरेको गुनासो प्राप्त भएको हुँदा उक्त व्यवस्थालाई थप चुस्त बनाउनका लागि अन्य सामान्य परिस्थितिमा बाहेक **संवेदनशील परिस्थितिमा** सम्बन्धित सरोकारवालाहरुले E-mail मार्फत् कार्यान्वयनको लागि अनुरोध गर्न सक्ने व्यहोरा जानकारी गराईन्छ ।

साथै यस लि. बाट मिति २०७३/०५/१४ गते परिपत्र नं.०२/आ.व.२०७३/७४ माफत् निर्देशन पूर्जी सम्बन्धी निर्देशन जारी गरिएतापनि सोही बमोजिम कार्यान्वयन नभई लगानीकर्ताहरु बिनाकारण मर्कामा परी समस्या भोग्नु परेको गुनासो प्राप्त भएको हुँदा निर्देशन पूर्जी (Delivery Instruction Slip-DIS) हितग्राही (ग्राहक) वा सम्बन्धित निकायले बुझाएमा निक्षेप सदस्यहरुले तुरुन्तै केन्द्रीय निक्षेप प्रणालीमा प्रविष्टी गर्न नसकेको अवस्थामा सो निर्देशन पूर्जी बुझिलिएको निस्सा (Receipt) अनिवार्य रुपमा हितग्राही वा सम्बन्धित निकायलाई दिनुपर्नेछ ।

साथै सो Receipt निक्षेप सदस्यले नै उपलब्ध गराउनुपर्ने व्यहोरा जानकारी गराईन्छ । यदि निक्षेप सदस्यको लापरवहीले गर्दा कुनै लगानीकर्ताले समस्या भोग्नु परेमा सम्बन्धित निक्षेप सदस्यले नै सोको क्षतिपूर्ति व्यहोर्नुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

केन्द्रीय कार्यालय बाहेक शाखा कार्यालयबाट समेत धितोपत्र केन्द्रीय निक्षेप सम्बन्धी सेवा प्रदान गरिरहेका निक्षेप सदस्यहरुले अनिवार्य रुपमा आफ्ना ग्राहकलाई धितोपत्र केन्द्रीय निक्षेप सम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराउने व्यवस्था समेत मिलाउनु पर्नेछ ।

विभिन्न सरोकारवालाहरुबाट प्राप्त भएको प्रतिक्रियालाई मध्यनजर गर्दै यस लि. ले निर्देशन पूर्जी बुझिलिएको निस्सा (Receipt) को ढाँचामा केही परिवर्तन गरिएको व्यहोरा जानकारी गराउँदै सम्पूर्ण निक्षेप सदस्यहरुले सोही बमोजिमको ढाँचामा सो निस्सा उपलब्ध गराउनु पर्नेछ । सो निस्साको ढाँचा यसै परिपत्रमा संग्लन गरिएको छ । साथै निर्देशन पूर्जी बुझिलिएको निस्सा (Receipt) को कार्यान्वयनमा निरन्तरता दिनुहुने सम्पूर्ण निक्षेप सदस्यहरुलाई धन्यवाद दिँदै Receipt को कार्यान्वयन नगर्ने निक्षेप सदस्यहरुले मिति २०७३/०६/११ गतेदेखि हितग्राही वा सम्बन्धित निकायलाई अनिवार्य रुपमा उपलब्ध गराई कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

.....................

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

अनुसूची १ (Annex 1)

निक्षेप सदस्यको नाम (DP Name)

## DIS को निस्साको ढाँचा (Format of DIS Receipt)

मिति (Date) : ☐☐ ☐☐ ☐☐☐☐

### DIS को विवरण (Details of DIS)

| क्र.सं. (S.No.) | DIS नं. (DIS No.) | Settlement Date |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

DIS बुझाउने (DIS Submitted By):

नाम (Name):

हस्ताक्षर (Signature):

**Official Use Only**

बुझिलिने (Received By):

आधिकारिक कर्मचारी (Name of Official):

हस्ताक्षर (Signature):

प्राप्त गरेको मिति (Received Date):

प्राप्त गरेको समय (Received Time):

कम्पनीको छाप (Office Stamp):

CDS and Clearing Ltd.